नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, भरतपुर, चितवन

☎
०५६-५१०१९१

प. स. ०८२/८३(प्रसाशन)
च. न. 2028

मितिः २०८२।०६।०९

विषय : सिफारिस सम्बन्धमा ।

१. श्री भरतपुर महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय भरतपुर, चितवन
२. श्री रत्ननगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवन
३. श्री कालिका नगरपालिका
नगरकार्यपालिकाको कार्यालय कालिका, चितवन
४. श्री इच्छाकामना गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय कुरीनटार, चितवन

उपरोक्त विषयमा मिति २०८२ भदौ २४ गतेको जेन जी (Gen –Z) आन्दोलनबाट यस कार्यालयको भौतिक संरचना तथा श्रेष्ता अभिलेखहरु जलेर पुर्ण रुपमा नष्ट भएको ब्यहोरा अवगत नै छ । तत् सम्बन्धमा तहाँ पालिका अन्तर्गतका जग्गाधनीहरुले कार्यालयमा रहेको अभिलेख (श्रेष्ता कायम) अद्यावधिक गर्ने प्रयोजनका लागि सिफारिस माग गर्न् आएमा यसै पत्र साथ संलग्न रहेको नमूना फारमको ढाँचामा सम्पुर्ण विवरण खुल्ने गरी सिफारिस गरी पठाउने ब्यवस्थाका लागि तहाँ अन्तर्गतका वडा कार्यालयहरुलाई जानकारी गराइदिनहुन हुन अनुरोध छ ।

.....................
(रमेश प्रसाद पोसिम)
प्रमुख मालपोत अधिकृत

(स्थानीय तहले गर्ने सिफारिसको नमुना)

मितिः ... ... ... ... ... ... ...

श्री मालपोत कार्यालय चितवन,
भरतपुर ।

विषयः सिफारिस सम्बन्धमा ।

उपरोक्त विषयमा चितवन जिल्ला ... ... ... ... ... ... महानगरपालिका/ नगरपालिका/ गाउँपालिका वडा नं. ... ... मा बस्ने ... ... ... ... ... ... को नाति/ नातिनी/ बुहारी ... ... ... ... ... ... को छोरा/ छोरी/ श्रीमति ... ... ... ... ... ... का ना प्र नं. ... ... ... ... जारी मिति ... ... ... ... ... जिल्ला ... ... ... ... ... ... वर्ष ... ... ले यस वडा कार्यालयमा मिति ... ... ... ... ... ... मा दिएको निवेदन अनुसार निजको नाममा ताहाँ कार्यालयमा दर्ता कायम रहेको तपशिल अनुसारका जग्गाहरूको श्रेस्ता यही मिति २०८२/०५/२४ गतेको जेन-जी (Gen-Z) प्रदर्शनका क्रममा कार्यालयमा आगलागी हुँदा जली पूर्ण रुपमा नष्ट भएकोले श्रेस्ता कायम गरिपाउन सिफारिश माग भएको । तत् सम्बन्धमा निज जग्गाधनीले श्रेस्ता कायम गर्न माग गरेका तपशिल बमोजिमका जग्गाहरू कही कतै कसैलाई कुनै व्यहोराबाट बिक्री वितरण , हक-हस्तान्तरण नगरेको, हाल सम्म पनि निज जग्गाधनी ... ... ... ... ... ... ले हकभोग/भोगचलन गरिरहेकोले ताहाँ कार्यालयबाट निजसँग भएको तपसिल अनुसारको प्रमाणहरूका आधारमा जग्गाधनी श्रेस्ता कायम गरिदिनु हुन सिफारिस गरिन्छ ।

तपशिल

| क्र. स. | जग्गाधनीको नाम | साविक गाविस | सिट नं. | वडा नं | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**साथमा पेश गरेको प्रमाणहरू:**

१. सक्कल जग्गाधनी प्रमाण पुर्जा थान -
२. सक्कल नागरिकता सहितको फोटोकपी थान-१
३. बसाई-सराईको प्रमाण पत्र थान - १
४. तिरो रसिद सक्कल थान-१
५. सो कित्तामा घर बनेको भए सोको सक्कल निर्माण सम्पन्न प्रमाण पत्र थान-१
६. जग्गाखरिद गर्दाको लिखत सक्कल सहितको फोटोकपी थान-१
७. फिल्डबुक/नक्सा र प्लट रजिष्टर उतार थान - १
८. स्थानीय तहले गरेको सर्जमिन मुचुल्का साथै सोमा सही गर्ने व्यक्तिहरूको नागरिकताको प्रमाण-पत्र प्रतिलिपि समेत
९. अन्य प्रमाणहरू

जग्गाधनीको फोटो टाँस गरेर प्रमाणित गर्ने

.............................
वडा अध्यक्ष